# मकवानपुरगढी गाउँपालिका, मकवानपुर

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्वन्धी रणनैतिक कार्य योजना

कार्यपालिकाबाट स्वीकृत मिति: २०७९ / ४ / ९

**मकवानपुरगढी गाउँपालिका**

**गाउँकार्यपालिकाकोमकार्यालय, मकवानपुर**

**बागमती प्रदेश**

**मिति २०७८ मंसिर १७ र १८ गते तदनुसार ३-४ डिसेम्बर २०२१ मा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्वन्धी स्थानिय स्तरको रणनैतिक कार्ययोजना निर्माण विषयमा गरेको दुई दिने कार्यशालामा मकवानपुरगढी गाउँपालिकाले बनाएको मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्वन्धी मकवानपुरगढी गाउँपालिकाको रणनैतिक कार्ययोजना**

१/५/८०,००

**१. रोकथाम सम्बन्धी रणनैतिक कार्ययोजना निर्माणका लागि :**

क. मानव बेचबिखन तथा ओसारपसारको विरुद्ध पालिकास्तरिय नीति निर्माण गरी कार्यविधि निर्माण गरी पारित गरी लागु गरिनेछ,

ख. मानव बेचविखन तथा ओसारपसारको विरुद्ध जनचेतना अधिवृद्धि कार्यक्रम समुदाय र विद्यालयहरुमा अभियानकै रुपमा सञ्चालन गर्ने, महिला तथा बालबालिकाका अधिकारको व्यवहारिक रुपमा कार्यान्वयनमा पहल गर्ने

ग. मानव बेचबिखन तथा ओसारपसारको विरुद्धका कार्यक्रमहरु प्रदेश सरकार, स्थानिय तह, नीजि क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु समेतलाई संलग्न गराई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

घ. सुशासन कायम राखी बेचबिखन तथा ओसारपसार पीडित, प्रभावित मैत्री गाउ, बनाउने ।

ङ. मानव बेचविखन तथा ओसारपसारका पीडित/प्रभावितहरूलाई अन्तरिम राहत तथा क्षतिपुर्ति उपलव्ध गराउने व्यवस्था गरिने छ ।

च. मानव बेचविखन तथा ओसारपसारका पीडित, प्रभावितहरूले संरक्षण, सामाजिक पुनःस्थापना तथा पुनर्मिलनका अवसरहरुको सुनिश्चित गर्ने ।

छ. मानव बेचविखन तथा ओसारपसारवाट पीडित, प्रभावितहरूको गोपनियता र सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ ।

छ. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित, प्रभावितहरूको शारीरिक तथा मानसिक स्वास्थ्य स्वास्थ्य सेवाहरूको समुचित प्रवन्ध गरिनेछ ।

ज. पीडित, प्रभावितहरूको संरक्षणको लागि पुनःस्थापना केन्द्रहरूको सञ्चालनको निर्देशिका वनाई पुनःस्थापना केन्द्रहरूको सञ्चालनमा एकरूपता र स्तरीकरण कायम हुने गरी मापदण्ड निर्माण गरी संचालन गरिने छ ।

झ. मानव बेचबिखन तथा ओसारपसारवाट पीडित, प्रभावितहरूको शारीरिक तथा मानसिक रुपमा सशक्ति करण गरी उनीहरुलाई परिवार तथा समुदायमा पुनःस्थापना र पुनर्मिलनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

मकवानपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर, मनहरी, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

घ. कानून कार्यान्वयन गर्ने सरोकार निकायका पदाधिकारीहरु,कर्मचारी, गैससरकारी संस्था, नीजि क्षेत्र तथा विकास साझेदारका पदाधिकारहरुलाई क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

२. **संरक्षण सम्वन्धी रणनैतिक कार्ययोजना र निति निर्माण सम्वन्धमा**

क. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणको लागि पालिकामा उपयुक्त संयन्त्रको गठन गरिने छ । वडा तथा पालिका स्तरिय समितिका पदाधिकारीहरुको लागि क्षमता अभिबृद्धि गरिने छ ।

ख. मानव बेचबिखन तथा ओसार पसारको घटनाका पीडितको उद्धारको लागि छिटो र प्रभावकारी कदम चालिने छ ।

ग. सुशासन कायम राखी बेचबिखन तथा ओसारपसार पीडित प्रभावित मैत्री गाउँ,नगरपालिका बनाउने ।

३. **अभियोजन र कानूनी कारवाही सम्वन्धी रणनैतिक कार्ययोजना**

क. अपराध पीडित संरक्षण सम्वन्धी ऐन,२०७५ को वारेमा मानव बेचबिखनका जोखिम, पीडित प्रभावितहरुलाई जानकारी गराइने छ ।

ख. मानव बेचबिखन तथा ओसारपसार विरुद्धका विद्यमान राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून र दण्डसजायको व्यवस्थासमेत बारेको कानूनी सचेतना कार्यक्रम व्यापक रुपमा सन्चालन गरिने छ

ग. मानव बेचबिखन तथा ओसारपसारका घटनालाई जघन्य अपराधको रूपमा लिई कानूनी कारवाहीको दायरामा ल्याउन पीडितलाई सशक्त बनाइनेछ ।

घ. सबै अवस्थामा अपराध पीडितहरुको सुरक्षाको समूचित प्रवन्ध गरिने छ ।

ङ. मानव बेचविखन तथा ओसारपसारका पीडित, प्रभावितहरूलाई अन्तरिम राहत तथा क्षतिपुर्ति उपलव्ध गराउने व्यवस्था गरिने छ ।

च. मानव बेचविखन तथा ओसारपसारका पीडित, प्रभावितहरूले संरक्षण, सामाजिक पुनःस्थापना तथा पुनर्मिलनका अवसरहरुको सुनिश्चित गर्ने ।

छ. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित, प्रभावितहरूको गोपनियता र सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ ।

ज. अनिवार्य तथा निःशुलक शिक्षासम्बन्धी ऐन, २०७५ मा भएका व्यवस्थाहरु सम्बन्धमा समुदायमा जानकारी गराउने ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर मकान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## मकवानपुरगढी गाउँपालिकाको रणनैतिक कार्ययोजना

| क.सं. | कार्यक्रम | कतिवटा | कहिले | कहाँ | समन्वय | अनुमानितखर्च | लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | मानव बेचबिखनको अवस्था विश्लेषण | १ | २०७८ सालभित्र | गा.पा.का सबै वडामा | गा.पा. गै.स.स. | १०००००।- | जोखिम समूदाय पहिचान |
| २. | मानव बेचबिखन विरुद्ध सचेतना तालिम A | आवश्यता अनुसार | ०७९-८० | सबै वडामा | गा.पा. गै.स.स | ३,०००००।- | २,००० जना |
| ३. | सिप मुलक तालिम | आवश्यता अनुसार | ०७९-८० | सबै वडामा | गा.पा. गै.स.स | १८,००००० ०।- | आवश्यकता अनुसार छनौट भएका |
| ४. | मानव बेचबिखन विरुद्धको नीति नियम निर्माण | १ वटा पटक | ०७८/०७९ साल भित्रमा | पालिका | गा.पा. गै.स.स. | १,०००००।- | नीतिगत व्यवस्था हुने |
| ५. | पुनरस्थापना केन्द्र निर्माण तथा स्थापना | १ | ०७८/०७९ साल भित्रमा | गा.पा. | गा.पा. मन्त्रालय, गै.स.स. | प्राविधिक लगत अनुमान अनुसार | पीडित सुरक्षित रहने |

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुरगढी, मकवानपुर बागमती प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | मनोपरामर्श कर्ता नियुक्त | १ | २०८० सम्म | गा.पा. | गा.पा. | नि.से.नि. अनुसार | परामर्श सेवा प्राप्त गर्ने |
| ७. | अनुगमन | निरन्तर | कार्यक्रम अनुसार | गा.पा. | गा.पा. गै.स.स | २,लाख | प्रभावकारीता र स्वच्छता |

प्रमुख प्रशासकीय अधिकृत